# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २१ जेठ २०८०

# आइतवार

# बैठक सङ्ख्या- ११, पहिलो

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०१ बजे प्रारम्भ भयो ।

(१३:०३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

(माननीय देवेन्द्र दाहालले टेबुल ठोक्नुभएको) ।

(प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो आसनअगि उभिनुभएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य, भैरव सुन्दर श्रेष्ठ संक्षेपमा आफ्नो भनाइ राख्नुस् ।

(१३:०३ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, म केही कुराहरू हाम्रो दलको तर्फबाट राख्न चाहन्छु ।

(प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो आसनमा बस्नुभएको) ।

**<u>माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- हालै सम्माननीय राष्ट्रपतिज्यूले नागरिकता विधेयक जो विवादास्पद थियो, त्यसलाई प्रमाणीकरण गर्नुभ'को छ । नागरिकता दिने सवालमा यो देशमा जन्मेका सबै नेपाली नागरिकहरूले वंशजको आधारबाट नागरिकता पाउनुपर्छ भन्ने कुरामा हामी सबै प्रष्ट छौं । नेकपा एमाले यसबारेमा प्रष्ट छ । र ती वंशजको आधारमा जन्मेका नागरिकहरूले लामो समयदेखि नागरिकता प्राप्त गरेका थिएनन् । ती नागरिकले नागरिकता नपाएका कारणले थुप्रै कुराः राज्यबाट पाउने सेवा सुविधाहरू, बैङ्किङ कारोबारहरू, विदेशमा जाने कुराहरू, उद्योग व्यवसाय खुल्ने कुराहरूबाट उनीहरू बञ्चित थिए । त्यो बञ्चित भएको कुरामा हामी पनि दुःखी चैं छौं ।

यदि नागरिकता विधेयकलाई तत्काल ल्याउने हो भने यो सदनबाट हामी अविलम्ब त्यो नागरिकता विधेयकलाई पास गर्ने पक्षमा हामी चैं छौं । तर नागरिकता विधेयक सदनको दुवै सदनबाट पास भएर जसरी पठाइयो, तत्कालीन राष्ट्रपतिज्यूको टेबुलमा गइकेपछि त्यो विवादास्पद भएको र ती केही कुराहरू उठाइएका थिए र त्यो प्रमाणीकरण नभएर त्यसै बसेको थियो । र जुन सदनले पास गरेको थियो, त्यो सदन नरहिसकेपछि त्यो निष्क्रिय रूपमा रहको जो नागरिकता विधेयक वर्तमान अहिलेको सरकारले यही ०८० साल ज्येष्ठ १२ गतेको दिनमा नेपालको मन्त्रिपरिषद्को बैठकको निर्णय गरेर राष्ट्रपतिज्यूसमक्ष प्रमाणीकरणका निम्ति जसरी पठाइयो, त्यो घोर आपत्तिजनक छ, अलोकतान्त्रिक छ, गैरसंवैधानिक छ । राष्ट्रपति महोदयले पनि जसरी प्रमाणीकरण गर्नुभ'को छ, त्यो प्रमाणीकरणको विषयमा लेखिएको छ कि अग्निप्रसाद सापकोटा तत्कालिन सभामुख र तत्कालिन चैं विद्यादेवी भण्डारी राष्ट्रपति भएकोले यो प्रमाणीकरणको निमित्त आएकोमा चैं किर्ते जाल छाम देखिने गरी फेरि अहिले यो त्योबेला पठाएको ७९ साल भदौ २० गते पठाइएको थियो भने अहिले प्रमाणीकरण २०८० ज्येष्ठ १७ गते गरिएको छ । यो आपत्तिजनक छ । यस्तो चैं किन गरियो? भन्ने कुरा हामीले जान्न चाहन्छौं । यसैले आजको कार्यसूचीबाट जसरी यो राखिएको छ, यसको चित्त बुझ्दो जवाफ नेपाल सरकारले दिइयोस् र यो कार्यसूचीबाट हटाइयोस् भन्ने मद्वारा माग राख्न चाहन्छु ।

र त्यसै गरी हाम्रो देशको सम्माननीय प्रधानमन्त्री हालै चैं भारतको चार दिने भ्रमण सकेर नेपाल फर्किनुभ'को छ । स्वदेश फर्किनुभ'को छ । र हामीले सुन्दै आएको त्यो भ्रमणको क्रममा धेरै विषयहरू उठेका छन् । ती विषयतर्फ म जान चाहन्नँ । र लिपुलेख, काला पानी, लिम्पीयाधुराको क्षेत्र भनेको त्यो भूभाग भनेको नेपालको हो । त्यो भूभागलाई दिने गरी,

भारतलाई उपभोग गर्न दिने गरी यतातिर बङ्गलादेश जानका निम्ति जुन ......... राजमार्ग छ, त्योबाट चैं साट्न सकिन्छ भन्ने खालका कुरा जसरी आका छन्, त्यसप्रति पनि हाम्रो ध्यानाककर्षण भ'को छ । यसरी राष्ट्रलाई राष्ट्र घात हुने गरी हाम्रो देशको प्रधानमन्त्रीले त्यो जमिन साट फेर गर्ने कुराहरू किन राखुभो'? सदनलाई किन जानकारी गराउनुभएन? यी सवाललाई लिएर हामीले नेकपा एमाले संसदीय दलको तर्फबाट यी माग राख्या छौं । यी कुराहरूको जवाफ चित्त बुझ्दो नआउँदासम्म यो सदनलाई अगाडि नबढाइयोस् भन्ने म अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

(प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो आसनअगि फेरि उभिनुभएको) ।

**(१३:०६ बजे)** **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, यहाँहरूले आफ्नो कुरा राखुभा'को छ । सरकारको ध्यान गाको छ । सरकारका मन्त्रीहरू यहाँ हुनुहुन्छ । यथा समयमा नै सरकारको तर्फबाट यी विषयहरूलाई प्रष्ट पार्ने कुरा हुने छ । यहाँहरू बस्नुस् । र अरू बाँकी आजको निर्धारित कार्यसूचीमा हामी प्रवेश गरौं । यहाँहरूलाई म बस्न आग्रह गर्दछु ।

(प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो आसनअगि उभिरहनुभएको) ।

माननीय सदस्यहरू, बसिदिनुस् । यहाँहरूले आफ्नो भनाइहरू राखिसक्नुभा'को छ । र सरकारको तर्फबाट यथा समयमा नै यसको बारेमा जवाफ दिन म सम्माननीय प्रधानमन्त्रीजीलाई पनि आग्रह गर्दछु । यहाँहरू बस्नुस् । हामी निर्धारित कार्यसूचीमा अगाडि बढौं । र प्रधानमन्त्रीले सदनमा आएर जवाफ दिनु नै हुने छ । यहाँहरू बस्नलाई म आग्रह गर्दछु ।

(प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो आसनअगि उभिरहनुभएको) ।

बसौं माननीयहरू । अत्यन्तै महत्त्वपूर्ण देशको बजेटको बारेमा हामी छलफल गर्दै छौं । यहाँहरूले आफ्ना बिचारहरू त्यहाँ बजेटमार्फत देशलाई अगाडि बढाउने भनेर राखुहुने

छ । यसलाई सहजीकरण गर्नको लागि म पुनः बसिदिनुहुनको लागि माननीयहरूलाई आग्रह गर्दछु ।

(प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो आसनअगि उभिरहनुभएको) ।

माननीयहरूलाई म बस्न आग्रह गर्दछु । बसेर सभालाई नियमित चलाउन यहाँहरूले सहयोग गर्दिन फेरि पनि म आग्रह गर्दछु, माननीयहरूलाई ।

(प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो आसनअगि उभिरहनुभएको) ।

माननीय सदस्यहरू, यो बैठक २९ मिनेटको लागि स्थगित गरेको छ । २९ मिनेटपछि पुनः बैठक बस्ने छ ।

(तदनन्तर, अर्को बैठक २९ मिनेटपछि बस्ने गरी यो बैठक स्थगित हुन्छ) ।

**स्थगितः- १३:०९ बजे ।**